# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल सरकारले ल्याएको **तत्काल राहत कार्यक्रम, २०६८** मा समावेश बैंकिङ तथा वित्तीय क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा छलफल गर्न आज नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा एक कार्यक्रमको आयोजना गरियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले सरकारले ल्याएको राहत कार्यक्रम सफल बनाउनु सम्बन्धित सबैको दायित्व भएको बताउँदै यसमा समावेश बैंकिङ तथा वित्तीय क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा सबै बैंक तथा वित्तीय संस्थाहरूको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीले देशको वित्तीय क्षेत्र लगायत समग्र आर्थिक स्थितिप्रति जनविश्वास बढाउन सरकारले ल्याएको राहत कार्यक्रम बैंक तथा वित्तीय संस्थाहरूप्रति जनविश्वास बढाउने एक माध्यम हुन सक्ने धारणा राख्दै यसलाई सफल बनाउन बैंक तथा वित्तीय संस्थाहरू अग्रसर हुनु पर्नेमा जोड दिनुभयो ।



कार्यक्रममा सरकारको राहत कार्यक्रममा समावेश बैंकिङ तथा वित्तीय क्षेत्रसँग सम्बन्धित विषयमा सहभागीहरू बीच बुँदागत छलफल भएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री भाष्करमणि ज्ञवालीले अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणको रु. २ लाखसम्मको निक्षेप सुरक्षण गरिसकेको जानकारी दिँदै बाँकी बैंक तथा वित्तीय संस्थाहरूलाई पनि यो व्यवस्थामा यथासिघ्र सहभागी हुन आग्रह गर्नुभयो । सरकारको राहत कार्यक्रममा उल्लेख भए बमोजिम सर्वसाधारणको रु. ५ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्थाका लागि छलफल अगाडि बढाइने पनि उहाँले बताउनुभयो । साथै, राहत कार्यक्रममा उल्लेख भए अनुसार वित्तीय क्षेत्रसँग सम्बन्धित गुनासो सुन्नका लागि बैंक तथा वित्तीय संस्थाको प्रतिनिधित्व हुने गरी एक कार्यदल गठन गरिने र नेपाल राष्ट्र बैंकमा हटलाइन (४४११४०७) को व्यवस्था गरिसकिएको उहाँले बताउनुभयो ।

छलफलमा सहभागी सरकारी स्वामित्वका बैंकका प्रतिनिधिहरूले द्वन्द्वकालमा विस्थापित बैंकका शाखाहरूमध्ये करिब २० बटा शाखा दुई महिनाभित्र पुनर्स्थापना गर्न सकिने खाका प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागी बैंकरहरूले सरकारको राहत कार्यक्रमलाई लक्षित गरी आफ्ना कामकारवाही सञ्चालन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका अधिकृतहरू, नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसियसन र नेपाल वित्तीय संस्था संघका अध्यक्ष लगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

मिति: २०६८ भदौ २९ गते बिहीबार

गभर्नरको कार्यालय